# THIN-KING FORWARD

२९ औं

वार्षिक साधारण सभाको
विवरण (माइन्यूट)

HBL हिमालयन बैंक लिमिटेड
Himalayan Bank Ltd.

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

शेयरधनी महानुभाव,

**विषयः विवरण (माइन्यूट)**

महाशय,

मिति २०७८ साल पौष ३० गते शुक्रबार सम्पन्न भएको यस बैंकको उनन्तीसौं वार्षिक साधारण सभामा भएको छलफल र निर्णयहरूको विवरण (माइन्यूट) तपाईंको जानकारीको लागि पठाएको छु ।

आज्ञाले,

विपिन हाडा
कम्पनी सचिव

# हिमालयन बैंक लिमिटेड
# उनन्तीसौं (२९) वार्षिक साधारण सभाको
## विवरण (माइन्यूट)

**१. वैधानिक सभा :**

हिमालयन बैंक लिमिटेडको २०७८ पौष ९ गते बसेको संचालक समितिको ४१५ औं बैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३, प्रचलित कानून र बैंकको प्रबन्धपत्र र नियमावली बमोजिम बोलाइएको उनन्तीसौ वार्षिक साधारण सभा कोभिड-१९ को महामारीको कारण भिडियो कन्फ्रेन्स (जुम) को माध्यमबाट संचालक समितिका अध्यक्ष श्री प्रचण्ड बहादुर श्रेष्ठको अध्यक्षतामा सु-सम्पन्न भयो ।

**२. सभाको मिति, समय र स्थान :**

मिति : २०७८ साल पौष ३० गते शुक्रबार (तदनुसार १४ जनवरी २०२२)

समय : बिहान ११:०० बजे

स्थान : हिमालयन बैंक लिमिटेडको केन्द्रीय कार्यालय, कमलादी, काठमाडौबाट भिडियो कन्फ्रेन्स (Virtual/Online) मार्फत सभा संचालित भएको थियो । (साधारण सभामा संस्थागत संस्थापक शेयरधनीहरू भौतिक रूपमा र अन्य शेयरधनीहरू भिडियो कन्फ्रेन्स मार्फत सहभागी हुन शेयरधनी महानुभावहरूलाई Meeting Link/Passcode उपलब्ध गराउने व्यवस्था गरिएको थियो ।)

**३. सभाको सूचना प्रकाशन (कम्पनी ऐन २०६३ को दफा ६७ (२) बमोजिम :**

(क) साधारण सभा हुने मिति, समय, स्थान र छलफल हुने विषयहरू सहितको विवरण खुलाइ कानूनबमोजिम त्यसको सूचना अन्नपूर्ण पोष्ट दैनिकमा मिति २०७८/०९/१० र कारोबर दैनिकमा मिति २०७८/०९/११ गते प्रकाशित गरी शेयरधनी महानुभावहरूलाई जानकारी गराइएको थियो ।

(ख) साथै, संचालक समितिको प्रतिवेदन, वासलात, नाफा-नोक्सान हिसाब र नगद प्रवाह विवरण तथा अन्य दस्तावेजहरू पुस्तिकाको रूपमा प्रत्येक शेयरधनी महानुभावहरूको उपलब्ध व्यक्तिगत ठेगानामा यथासमयमा पठाइएको थियो ।

**४. छलफलको विषय-सूची :**

क) सामान्य प्रस्ताव

१) उनन्तीसौ वार्षिक साधारण सभाको लागि संचालक समितिको प्रतिवेदन ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ साल असार मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७७/७८ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने,

३) यस बैंकको सहायक कम्पनी हिमालयन क्यापिटल लि को आ.ब २०७७/७८ को वित्तीय विवरण सहितको एकिकृत वित्तीय विवरण स्वीकृत गर्ने,

४) संचालक समितिले सिफारिस गरेबमोजिम नाफाको बाँडफाँट तथा चुक्ता पूँजी रू. १०,६८,४४,००,८२८।– को ४.६२ प्रतिशत (कर सहित) ले हुने जम्मा रू. ४९,३६,१९,३१९।– नगद लाभांश दिने प्रस्ताब स्वीकृत गर्ने,

५) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनको दफा १७ बमोजिम संस्थापक शेयरधनी कर्मचारी सञ्चयकोषको संचालक समितिको मिति भाद्र २९, २०७८ मा बसेको बैठकले गरेको निर्णय तथा उक्त निर्णयको प्राप्त पत्र अनुसार बैंकको संचालक समितिको मिति आश्विन १, २०७८ मा बसेको बैंठकले श्री जितेन्द्र धिताललाई कोषको तर्फबाट प्रतिनिधित्व गर्नुहुने श्री तुलसी प्रसाद गौतमको सट्टामा उहाँको बाँकी रहेको कार्यकालसम्मको लागि संस्थापक शेयरधनी कर्मचारी सञ्चयकोषको तर्फबाट प्रतिनिधित्व गर्ने गरी मिति आश्विन ०६, २०७८ गते देखि नियुक्त गरेको निर्णय अनुमोदन गर्ने,

६) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७८/७९ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने, (वर्तमान लेखापरीक्षक जि.पि राजबाहक एण्ड कम्पनी चार्टड एकाउन्टेन्ट पुनः नियुक्त हुन सक्ने)

ख) विशेष प्रस्ताव

१) बैंकको अधिकृत पूँजी रू.१५,००,००,००,०००।– (अक्षरेपी पन्ध्र अर्ब रूपैयाँ) बाट बृद्धि गरी रू. १६,००,००,००,०००।– (अक्षरेपी सोह्र अर्ब रूपैयाँ) गर्ने सम्बन्धी विशेष प्रस्ताव स्वीकृत गर्ने ।

२) संचालक समितिले सिफारिस गरे बमोजिम बैंकको जारी र हालको चुक्ता पूँजी रू. १०,६८,४४,००,८२८।– बाट बृद्धि गर्न चुक्ता पूँजीको २१.३८ प्रतिशतले हुने जम्मा रू. २,२८,४३,२४,८९७।– बोनस शेयर जारी गर्ने सम्बन्धी विशेष प्रस्ताव स्वीकृत गर्ने ।

३) बैंकले आर्थिक वर्ष २०७७/७८ मा संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐन २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सीमा भन्दा माथि गरेका सहयोग अन्तर्गत कोरोना भाइरस संक्रमण नियन्त्रण तथा उपचारका लागि विभिन्न संघ–संस्था, अस्पतालहरू समेतलाई प्रदान गरेको कुल रकम रू. १,७१,०४,११४ (अक्षरेपी एक करोड एकहत्तर लाख चार हजार एक सय चौध रूपैयाँ) अनुमोदन गर्ने । (संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च भएको रकमहरूको विस्तृत विवरणहरू बैंकको २९ औ वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको छ ।)

४) हिमालयन बैंक लि. र नेपाल इन्भेष्टमेण्ट बैंक लि. एक आपसमा मर्जर गर्ने

प्रयोजनको लागि टि. आर उपाध्याय एण्ड कम्पनी चार्टड एकान्टेण्ट्सबाट प्राप्त दुवै संस्थाको सम्पत्ती, दायित्व तथा कारोवारको मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) बमोजिम सिफारिस गरिएको शेयर आदान प्रदान अनुपातमा व्यावसायिक अवसरहरू, व्यावसायिक प्रतिष्ठा, कर्मचारीहरूको योग्यता, क्षमता, दक्षता तथा कार्यकुशलता, बजार उपस्थिती, मुनाफा वितरणको इतिहास, पछिल्लो शेयरबजार मुल्य समेतका विषयहरूको आधारमा Swap Ratio १:१ शेयर अनुपात हुने गरी नेपाल इन्भेष्टमेण्ट बैंक लि. सँग मर्ज गर्न स्वीकृती प्रदान गर्ने ।

५) यस बैंक र नेपाल इन्भेष्टमेण्ट बैंक लि. सँग मर्ज गर्ने सम्बन्धमा भएको सम्पत्ती, दायित्व तथा कारोबारको मूल्याङ्कनकर्ताको नियुक्ति, सम्पत्ती तथा दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) समझदारी पत्र (Memorandum of Understanding) तथा अन्तिम सम्झौता पत्र (Final Scheme of Arrangement) लगायतका सम्पूर्ण काम कारवाहीहरू सम्बन्धी स्वीकृती प्रदान गर्ने ।

६) दुवै बैंकको मर्जर पश्चात हिमालयन एण्ड नेपाल इन्भेष्टमेण्ट बैंक लि. नामाकरण गरी एकिकृत कारोबार गर्ने कार्यलाई स्वीकृती प्रदान गर्ने ।

७) दुवै बैंक मर्जर गर्ने प्रक्रियामा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायबाट स्वीकृती लिने । अभिलेख गर्ने क्रममा भए गरेका काम कारवाही वा पूँजी संरचना वा प्रवन्धपत्र र नियमावली संसोधनका सम्बन्धमा नियमनकारी निकायहरूबाट संसोधन, परिमार्जन तथा थपघट गर्न कुनै निर्देशन प्राप्त भएमा सोही बमोजिम संसोधन परिमार्जन समेतका सम्पूर्ण कार्यहरू गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

८) बैंकको प्रवन्ध पत्र र नियमावलीमा संशोधन गर्ने विशेष प्रस्ताव पारित गर्ने तथा प्रस्तावित संशोधनमा नेपाल राष्ट्र बैंक वा अन्य निकायले फेरबदल गरेमा आवश्यक समायोजन गर्न संचालक समितिलाई वा संचालक समितिले तोकेको पदाधिकारीलाई अधिकार दिने,

ग) विविध

## ५. उपस्थिति :

संचालकहरूः

| | | |
|---|---|---|
| १. | श्री प्रचण्ड बहादुर श्रेष्ठ | अध्यक्ष |
| २. | श्री फैजल एन ललानी | संचालक (भिडियो कन्फ्रेन्सबाट उपस्थित) |
| ३. | श्री जितेन्द्र धिताल | संचालक |
| ४. | श्री सुनिल बहादुर थापा | संचालक |
| ५. | श्री आशिष शर्मा | संचालक |

६. श्री विजय बहादुर श्रेष्ठ — संचालक
७. श्री राधाकृष्ण पोते — संचालक

पर्यवेक्षकः

१. श्री कमल प्रसाद निरौला — प्रतिनिधि – कम्पनी रजिष्ट्रारको कार्यालय
२. श्री कुल चन्द्र रिजाल — प्रतिनिधि – नेपाल स्टक एक्स्चेन्ज

लेखापरीक्षकः

१. श्री रतिश गुरुँगाई — प्रतिनिधि, जि पि राजबाहाक एण्ड कम्पनी चार्टर्ड एकाउन्टेन्ट्स

कानूनी सल्लाहकारः

१. श्री कोमल प्रकाश घिमिरे

बैंक पदाधिकारीहरूः

१. श्री अशोक शम्शेर राणा — प्रमुख कार्यकारी अधिकृत
२. श्री अनुप मास्के — महाप्रबन्धक
३. श्री विपिन हाडा — सहायक महाप्रबन्धक
४. श्री सतिश राज जोशी — सहायक महाप्रबन्धक

शेयरधनीहरूको उपस्थिति :

बैंकको वेवसाइट मार्फत साधारण सभामा भाग लिन अनलाइन दर्ता गर्ने तथा स्वयं उपस्थित भई अनलाईनमा भाग लिनको लागि लग इन युजर, पासकोर्ड पाउने महानुभावहरूको संख्या २३७ भएकोमा बैंकको साधारणसभाको सूचना बमोजिम प्रोक्सी सहित गरेर शेयरधनी नम्बर/डिम्याट खाता नम्बर प्रमाणित भएका अनलाइन मार्फत उपस्थित जम्मा ३६ जना तथा भौतिक उपस्थिती मार्फत ११ जनाले कुल १०,६८,४४,००८.२८ मध्ये जम्मा ९,२५,२३,४१० कित्ता शेयरको प्रतिनिधित्व गर्ने कुलको ८६.५९७% शेयरधनीहरूले साधारणसभामा भाग लिएका थिए ।

## ६) **सभाको वैधानिकता र अध्यक्षता**ः

साधारण सभा शुरू हुनअघि कम्पनी सचिव श्री विपिन हाडाले उपस्थित शेयरधनी महानुभावहरूको स्वागत गर्नु हुँदै कम्पनी ऐन २०६३, बैंकको नियमावली तथा प्रचलित नेपाल कानुन अनुसार बोलाइएको बैंकको उनन्तीसौ वार्षिक साधारण सभा कोभिड–१९को महामारीको कारण नेपाल सरकारद्वारा जारी स्वस्थ्य सम्बन्धी मापदण्डको पालना गर्दै भिडियो कन्फ्रेन्सको माध्यमबाट संचालन गरिएको र सो अनुरूप सभाका लागि आवश्यक गणपूरक संख्या पुगेको व्यहोरा सभालाई अवगत गराउनुभयो । साथै उहाँले सभाको अध्यक्षता संचालक समितिका अध्यक्ष श्री प्रचण्ड बहादुर श्रेष्ठले गर्नुहुने जानकारी दिंदै सभा संचालनका लागि अध्यक्ष महोदयलाई अनुरोध गर्नुभयो ।

**७) सभा संचालन :**

साधारण सभाको कारवाही शुरू गर्ने क्रममा सभाका अध्यक्ष तथा संचालक समितिका अध्यक्ष श्री प्रचण्ड बहादुर श्रेष्ठले सबैको स्वागत गर्दै उनन्तीसौं वार्षिक साधारण सभामा संचालक समितिको प्रतिवेदन संक्षेपमा पढेर सुनाउनु भयो ।

प्रतिवेदन प्रस्तुति पश्चात् अध्यक्ष श्री प्रचण्ड बहादुर श्रेष्ठज्यूले सभाका विषयसूची सम्बन्धमा छलफलका लागि शेयरधनीहरूलाई आमन्त्रण गर्नुभयो । तदनुरूप निम्न शेयरधनीहरूले सभामा भिडियो कन्फ्रेन्सको माध्यमबाट आफ्नो जिज्ञासा, मन्तव्य तथा सुझावहरू प्रस्तुत गर्नुभयो ।

सर्वसाधारण शेयरधनीहरू

१) श्री भक्ति प्रसाद उप्रेती
२) श्री चन्द्र नारायण श्रेष्ठ
३) श्री सुरेन्द्र विक्रम थापा

संस्थापक शेयरधनीहरू

१) श्री शिवराज पौडेल (प्रतिनिधि-कर्मचारी संचयकोष)
२) श्री सुनिल बहादुर थापा (संचालक-बैंक संचालक समिति)
३) श्री विजय बहादुर श्रेष्ठ (संचालक सर्वसाधारण शेयरधनीको तर्फबाट-बैंक संचालक समिति)
४) श्री निरन्जन टिवडेवाल (संस्थापक शेयरधनी मारवाडी सेवा समितिका तर्फबाट)
५) श्री आशिष शर्मा (संचालक-बैंक संचालक समिति)
६) श्री रमेश शर्मा (संस्थापक शेयरधनी शर्मा एण्ड कम्पनीका तर्फबाट)

**८) शेयरधनीहरूबाट व्यक्त शुभकामना, आभार, जिज्ञासा, मन्तव्य तथा सुझावहरू :**

८.१ शुभकामना र आभार :

उनन्तीसौं वार्षिक साधारण सभामा आफ्नो मन्तव्य प्रकट गर्ने सबै शेयरधनी महानुभावहरूले कोभिड-१९ बाट उत्पन्न परिस्थितिका बावजुद २१.३८% बोनस शेयर र ४.६२% नगद लाभांश प्रदान गरिएकोमा प्रसन्नता व्यक्त गर्नुभयो । आउँदा वर्षहरूमा पनि बैंकले बोनस शेयर तथा नगद लाभांश बढाउँदै लैजाओस भन्ने चाहना व्यक्त गर्नु भयो ।

८.२ सर्वसाधारण शेयरधनीहरूका जिज्ञासा, मन्तव्य तथा सुझावहरू :

८.२.१) श्री भक्ति प्रसाद उप्रेति

प्रत्येक लगानीकर्ताको चासो भनेको कति प्रतिशत लाभांश दिन सक्यो भन्ने हो । बोनस शेयर तथा नगद गरी २६% को दिगो र स्वस्थ्य प्रतिफल दिन सकेकोमा बैंक संचालक समितिलाई तथा सम्पूर्ण कर्मचारीहरूलाई धन्यवाद दिन्छु । बैंकले गरेको वित्तीय प्रगति प्रति सन्तोष व्यक्त गर्दछु । विभिन्न संचार माध्यममा मर्जर सम्बन्धि कुरा आइरहेको छ । विशेष प्रस्ताव नं ४,५,६ र ७ त्यसै संग सम्बन्धित रहेको छ । मर्जर नै भाँडिन्छ कि, हिमालयन बैंकले तल परेर सम्झौता

गरेको छ । हिमालयन बैंक र शेयरधनीलाई घाटा लाग्ने भयो भन्ने कुरा पढि सकेपछि त्यस्तो मेडियाबाजीको पछाडी नलाग्न आग्रह गर्दछु । हिमालयन बैंक र नेपाल इन्भेष्टमेन्ट चुक्ता पूँजी, Reserve and Surplus, निक्षेप, कर्जा तथा लगानी, ब्याज आम्दानी, खुद नाफा, वितरण योग्य नाफा, आधार दर, स्प्रेड रेट, गैर ब्याज आम्दानी, विदेशी विनिमय, निष्कृय कर्जा र Would be Given Dividend जस्ता १३ वटा मुख्य परिसुचकहरूको तुलनात्मक विवेचना प्रस्तुत गर्नुभयो ।

यो साधारणसभाले मर्जर प्रस्तावलाई पारीत गरोस् भन्ने चाहाना राख्दछु । शुभकामना छ आउँदो तेश्रो त्रैमासिक चैत मसान्त भित्रमा यि २ वटा बैंकहरूको मर्ज भएर एकिकृत कारोबार गरेको देख्न पाउने आशा राख्दछु ।

८.२.२ श्री चन्द्र नारायण श्रेष्ठ

गतसालको नाफाबाट २६□ लाभांश दिन सकेकोमा धन्यवाद दिन चाहान्छु । आगामी दिनमा बैंकले अझ प्रगति गर्दै जाओस् । २९ औं साधारण सभाको सफलताको शुभकामना व्यक्त गर्दछु ।

८.२.३ श्री सुरेन्द्र विक्रम थापा

२९औं वार्षिक साधारणसभाको सफलताको शुभकामना व्यक्त गर्दछु । आगामी दिनहरूमा बैंकले अझै उन्नती प्रगति गर्दै जाओस् भन्ने कामना गर्दछु ।

८.३ संस्थापक शेयरधनीहरू तथा संचालकहरूका मन्तव्य तथा सुझावहरू :

८.३.१ श्री शिवराज पौडेल– प्रतिनिधि, कर्मचारी संचयकोषका तर्फबाट

साधारण सभामा प्रस्तुत हिमालयन बैंक लि. र नेपाल इन्भेष्टमेन्ट बैंक लि. बिचको मर्जर सम्बन्धी विशेष प्रस्तावको बुँदा नम्बर (४) उपर कोषको देहाय अनुरूपको राय रहेको व्यहोरा निर्णयानुसार अनुरोध छ र सो विवरणको लिखित पत्र कम्पनी सचिव मार्फत सधारणसभामा दर्ता गरेको उल्लेख गर्नुभयो । पत्रको सारांश निम्न अनुसार छ ।

(१) कोषको सञ्चालक समितिको मिति २०७८/०८/०२ को निर्णय बमोजिम हिमालयन बैंक र नेपाल इन्भेष्टमेन्ट बैंक बिचको मर्जर तथा एक्विजिशन सम्बन्धमा अध्ययन गर्न बिज्ञ चार्टड एकाउन्टेन्ट (परामर्शदाता) नियुक्त गरिएकोमा बिज्ञले दिएको प्रतिवेदनमा देहायका प्रमुख विषयहरू उल्लेख रहेको :

– बैंकको संयुक्त DDA Auditor's Report मा नेपाल राष्ट्र बैंकले जारी गरेको मर्जर तथा एक्विजिशन सम्बन्धि निर्देशिका बमोजिम Adjusted Net Worth लाई ७५ प्रतिशत, Business Valuation लाई २० प्रतिशत र Market Capitalization लाई ५ प्रतिशतको भार दिई SWAP Ratio गणना गर्दा १:१ अनुपात कायम भएको देखिएको ।

– उल्लेखित Adjusted Net Worth, Business Valuation र Market Capitalization तिनैवटा विषयमा कैफियत औल्याएको । Adjusted Net Worth को गणना गर्दा नेपाल इन्भेष्टमेन्ट बैंकले FPO जारी गर्दा तथा दुवै बैंकहरूले मर्जर तथा एक्विजिशनको कारणले भएको Gain and Bargain Purchase मा आयकर ऐन बमोजिम तिर्नुपर्ने कर नतिरेको तथा यसको लागि दायित्व व्यवस्था समेत नगरेको ।

– महालेखापरीक्षकको प्रतिवेदनमा आ.व. २०७३/०७४ देखि बेरूजुको रूपमा आएको कर सम्बन्धी विषयलाई संबोधन गर्न बैंकले करको दायित्व व्यवस्था गर्नुपर्ने र यसरी दायित्व व्यवस्था गर्दा नेपाल इन्भेष्टमेन्ट बैंकको करिब रू. ४ अर्ब ४० लाख दायित्व थप भई Net Worth कम हुने देखिएको र हिमालयन बैंकको करिब रू. ९१ करोड ९० लाखले सम्पत्ती बृद्धि भई Net Worth थप हुने देखिएको ।

– Business Valuation सम्बन्धमा दुई बैंकलाई फरक फरक Discounting Factor प्रयोग गरिएको र यसको कारणबाट हिमालयन बैंक लिमिटेडको शेयर मुल्यांकन करिब रू. १७ अर्ब ५८ करोड १० लाखले कम हुन गएको ।

– Market Capitalization सम्बन्धमा हिमालयन बैंकको पब्लिकमा जानुपर्ने करिब १५ प्रतिशत शेयर परिवर्तनको विषयलाई सम्बोधन नगरिएको र यस कारण हिमालयन बैंकको शेयर मुल्यांकन करिब रू. ३ अर्ब ८६ करोडले कम हुन भएको ।

– संयुक्त DDA प्रतिवेदनमा हिमालयन बैंकको प्रतिकित्ता Net Worth रू. २८२.५ र नेपाल इन्भेष्टमेन्ट बैंकको Net Worth रू. २७९.७३ उल्लेख भई सोहि अनुरूप बैंकहरूको SWAP Ratio गणना गरिएकोमा कोषबाट नियुक्त विज्ञको प्रतिवेदन अनुसार बैंकहरूको सम्पत्ति र दायित्वको मुल्यांकन गर्दा माथि उल्लेख भएका कैफियतहरूलाई उचित समायोजन/व्यवस्थापन तथा निवारण गर्दा हिमालयन बैंकको Net Worth रू. ३२९.३९ तथा नेपाल इन्भेष्टमेन्ट बैंकको Net Worth रू. २५८.६५ हुने र सोहि अनुरूप SWAP Ratio गणना गर्दा संयुक्त DDA प्रतिवेदनमा कायम गरिएको १:१ को SWAP Ratio मा परिवर्तन भई १:०.७८ कायम हुने अवस्था देखिएको । साथै कोषबाट नियुक्त विज्ञको प्रतिवेदनमा माथि उल्लेखित कैफियतहरूको उचित समायोजन/व्यवस्थापन तथा निवारण गर्दा हिमालयन बैंकको प्रति शेयर मुल्य संयुक्त DDA प्रतिवेदनको तुलनामा रू. ४७.२२ ले कम हुने उल्लेख भएको ।

(२) कोषबाट नियुक्त विज्ञको प्रतिवेदन अनुसार कम भएको हिमालयन बैंकको प्रतिशेयर मूल्य रू. ४७.२२ का आधारमा कर्मचारी सञ्चयकोषको स्वामित्व १४.८७ प्रतिशत शेयर हिसाब गणना गर्दा कोषलाई करिब रू. ७० करोड नोक्सान पर्न जाने देखिएको ।

(३) कोषको सञ्चालक समितिको मिति २०७८/०९/०२ को निर्णय बमोजिम विज्ञको प्रतिवेदनमा औंल्याईएका कैफियतहरूको उचित समायोजन/व्यवस्थापन तथा निवारण गरी मर्जर तथा एक्विजिशन प्रकृया अघि बढाउन अनुरोध गरी हिमालयन बैंकलाई पत्राचार गरिएकोमा हालसम्म सो उपर बैंकबाट कुनै प्रतिकृया प्राप्त नभएको ।

कर्मचारी सञ्चयकोषको लगानी भएको बैंक तथा वित्तीय संस्थालाई दिर्घकालीन रूपमा सक्षम बनाउन, लागनीलाई सुरक्षित र प्रतिफलमुखि बनाउन, राज्यको नीति तथा नेपाल राष्ट्र बैंकको निर्देशिका समेतको आधारमा कोष आफ्नो लगानी रहेका बैंक तथा वित्तीय संस्थाहरूको मर्जर तथा एक्विजिशनको पक्षमा रहेको छ ।

उल्लेखित पृष्ठभुमिमा कोष सञ्चालक समितिको मिति २०७८/०९/०२ (बैठक नं १६१०) को बैठकबाट हिमालयन बैंक र नेपाल इन्भेष्टमेन्ट बैंकको मर्जर सम्बन्धमा कोषले नियुक्त गरेको विज्ञ चार्टड एकाउन्टेन्टद्वारा पेश भएको प्रतिवेदनमा औंल्याईएका कैफियतहरूको उचित समायोजन/व्यवस्थापन तथा निवारण गरी मर्जर प्रक्रिया अधि बढाउनु पर्ने निर्णय भएकोले सोहि निर्णय नै कोषको राय रहेको र हाल साधारण सभामा प्रस्तुत विशेष प्रस्तावको बुँदा नं. (४) मा सो अनुरूप भएको नदेखिएकोले उल्लेखित SWAP Ratio मा नैं मर्ज गर्ने विषयमा कोषको असहमती रहेको व्यहोरा अनुरोध छ ।

८.३.२ श्री सुनिल बहादुर थापा– संचालक (बैंक संचालक समिति)

कर्मचारी सञ्चयकोषको प्रस्तुति र व्यवहार ज्यादैनै गैर जिम्मेवार भयो । एक वर्ष अगाडि अघिल्लो साधारणसभाबाट बैंक उपयुक्त अन्य बैंक संग मर्जरमा जाने विषय पारित भई केहि समय पछि नै NIBL संग मर्जरबारे प्रारम्भिक सम्झौता गर्दा कोषबाट प्रतिनिधित्व गर्दै हिमालयन बैंक संचालक समितिको अध्यक्ष बन्नु भएका तुलसी प्रसाद गौतमले हस्ताक्षर गरेको विषय सबैका अगाडि छर्लङ्ग छ । त्यै सम्झौताका आधारमा दुबै संस्था (HBL र NIBL) ले DDA गराएका कुरा मैले बोल्नु पर्दैन । नेपाल सरकारको स्वामित्व भएको संस्थाले पहिला DDA स्विकार गर्ने र त्यै संस्था पछि फेरि भएन भन्दै त्यै Report अस्विकार गर्ने ? यो अत्यत्तै अनैतिक कार्य हो ।

त्यस्तै मर्जर कमिटिमा बसेका साथीहरूको सम्बन्धमा भ्रामक खालका समाचार पत्रपत्रिका तथा विभिन्न संचार माध्यमहरूमा आएका छन् । बैंकको तथा मर्जर कमिटिमा भएका गोप्य तथा संवेदनशिल कुरा कसरी आम संचार माध्यममा आए ? म अध्यक्षज्यूलाई भन्न चहान्छु कि त्यस बारेमा एउटा कमिटि गठन गरी छानविन हुनुपर्दछ र दोषीलाई कारबाही हुनु पर्दछ । HBL र NIBL को बिग मर्जर देशको हितमा, बैंकको हितमा र शेयरधनीहरूको हितमा थियो तर सबैको हित गर्ने यो कार्यलाई भाड्न किन सरकारी संस्था सञ्चयकोष नै लागि

पर्‍यो उसले यसको जवाफ दिनु पर्दछ । मर्जर भाँडिदा राष्ट्र बैंकले हिमालयन बैंक माथि गर्ने कारवाहीको जिम्मेवारी कसले लिने त्यो प्रष्ट पारियोस् । हिमालयन बैंकका शेयरधनीहरूले अब ३ वर्ष सम्म नगद लाभांश पाउने छैनन् तथा अन्य विभिन्न कारवाही व्यहोर्नु पर्ने छ । त्यसको जिम्मेवारी कसले लिने । त्यसैले म सबैलाई मर्जरको प्रस्ताव पारित गर्न आग्रह गर्दछु ।

८.३.३ श्री विजय बहादुर श्रेष्ठ (संचालक सर्वसाधारण शेयरधनीको तर्फबाट-बैंक संचालक समिति)

बृहत्तर लाभको उद्देश्यले हिमालयन बैंक र नेपाल इन्भेष्टमेन्ट बैंक बिच मर्जरको प्रक्रिया अगाडि बढाइएको थियो । तर आज मर्जरको विपक्षमा कर्मचारी सञ्चयकोषको धारण आउँदा दुःख लागेको छ । मर्जर बारे सञ्चयकोषको रवैया अत्यन्तै गैर जिम्मेवार भयो । सरकारी संस्थाको यो रवैया खेद जनक छ । म सर्वसाधारण शेयरधनीहरूको प्रतिनिधित्व गर्ने संचालकको हैसियतले यो भन्न चाहान्छु कि सर्वसाधारण शेयरधनीहरूले अत्यत्तै दुःख पाए । उनीहरूको सम्पत्तीको ठूलो नोक्सानी भयो । बुल मार्केटमा ट्रेडिङ्ग गर्न पाइएन । पैसा कमाउने आशा निराशामा परिणत भयो । अत्यत्यै दुःख लागेको छ । त्यसबाहेक मर्जर भाँडिदा नेपाल राष्ट्र बैंकले विभिन्न खाले कारवाही गर्दछ । ३ वर्ष सम्म लाभांश दिन रोक्दछ । त्यसले गर्दा सर्वसाधारण शेयरधनीहरूलाई मर्का पर्दछ । म यो साधारणसभामा कर्मचारी सञ्चयकोषलाई निर्णय पुनर्विचार गर्न आग्रह गर्दछु ।

८.३.४ श्री निरन्जन टिवडेवाल- (संस्थापक शेयरधनी मारवाडी सेवा समितिका तर्फबाट) मर्जर खेलाची भयो । प्रस्ताव माथि बैंकको संचालक समितिमै व्यापक छलफल हुनु पर्दथ्यो । सञ्चयकोष भनेको देशकै एउटा प्रतिष्ठित सरकारी संस्था हो – उसको मर्जरको सम्वन्धमा दोहोरो चरित्र खेद जनक छ । सर्वसाधारण शेयरधनीको लाभांश रोक्ने अधिकार कसैलाई हुनुहुदैन । भोलि राष्ट्र बैंकले हिमालयन बैंक माथि गर्ने कारबाहीको जिम्मेवारी कर्मचारी सञ्चयकोषले लिनु पर्दछ ।

## ९. सामूहिक रूपमा दिइएको प्रत्युत्तरको सारांश :

सभामा उपस्थित शेयरधनी महानुभावहरूबाट उठाईएका प्रश्न, जिज्ञासा तथा सुझावहरू तथा श्री शत्रुघन श्रेष्ठ, श्री अशोक उप्रेती तथा श्री नरसिंह लाल चखूँज्यूहरूले लिखितरूपमा बुझाउनु भएका आफ्ना सुझावहरूका लागि सभापति महोदयले शेयरधनीहरूलाई धन्यवाद दिनुभयो र उहाँहरूद्वारा औल्याइएका कमि कमजोरीहरूलाई आगामी वर्षहरूमा सुधार गर्दै लैजाने तथा उहाँहरूले दिनु भएका अमूल्य सुझाबहरूको क्रमशः कार्यान्वयन गर्दै जाने प्रतिबद्धता जनाउनु भयो । सभामा उहाँले सामूहिक रूपमा दिनुभएको प्रत्युत्तरको सारांश निम्नानुसार छ ।

कर्मचारी सञ्चयकोषको सञ्चालक समितिको निर्णय बमोजिम हिमालयन बैंक र नेपाल इन्भेष्टमेन्ट बैंक बिचको मर्जर तथा एक्विजिशन सम्बन्धमा अध्ययन गर्न विज्ञ चार्टड एकाउन्टेन्ट (परामर्शदाता) विज्ञले दिएको प्रतिवेदनमा औल्याएका कैफियतहरूको उचित समायोजन/व्यवस्थापन तथा निवारण गरी प्रक्रिया अघि बढाउन अनुरोध गरेको पत्र र यस्तै एन ट्रेडिङ्ग प्रा. लि. तथा छाँया इन्टरनेशनल प्रा. लि.को समेत अनुरोध पत्र सम्बन्धमा बैंक संचालक समितिमा JMC मा छलफल तथा सम्बोधन गर्नको लागि पटक पटक अनुरोध गर्नु भएकोमा सञ्चालक समितिले बहुमतको आधारमा निर्णय गर्दै उक्त प्रस्ताव AGM मा विशेष प्रस्ताब प्रस्तुत गर्ने निर्णय भएको विषय जानकारी गराउनु भयो ।

## १०. **निर्णयहरू** :

शेयरधनीहरूबाट उठाइएका जिज्ञासा तथा प्रश्नहरूका सम्बन्धमा स्पष्ट पार्ने कार्य सकिएपछि अध्यक्षज्यूले साधारण सभाको विषय सूचीमा उल्लेख भए बमोजिम निम्न प्रस्तावहरू सभामा निर्णयार्थ पेश गर्दै ताली बजाएर स्वीकृत प्रदान गर्न अनुरोध गर्नुभयो ।

क) सामान्य प्रस्ताव

१) उनन्तीसौ वार्षिक साधारण सभाको लागि संचालक समितिको प्रतिवेदन, सभाले सर्वसम्मतिले पारित भयो ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ साल असार मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७७/७८ को नाफा-नोक्सान हिसाब तथा नगदप्रवाह विवरण सर्वसम्मतिले पारित भयो ।

३) यस बैंकको सहायक कम्पनी हिमालयन क्यापिटल लि को आ.ब २०७७/७८ को वित्तीय विवरण सहितको एकिकृत वित्तीय विवरण सर्वसम्मतिले पारित भयो ।

४) संचालक समितिले सिफारिस गरेबमोजिम नाफाको बाँडफाँट तथा चुक्ता पूँजी रू.१०,६८,४४,००,८२८।- को ४.६२ प्रतिशत (कर सहित) ले हुने जम्मा रू.४९,३६,१९,३१९।- नगद लाभांश दिने प्रस्ताब सर्वसम्मतिले पारित भयो ।

५) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनको दफा १७ बमोजिम संस्थापक शेयरधनी कर्मचारी सञ्चयकोषको संचालक समितिको मिति भाद्र २९, २०७८ मा बसेको बैठकले गरेको निर्णय तथा उक्त निर्णयको प्राप्त पत्र अनुसार बैंकको संचालक समितिको मिति आश्विन १, २०७८ मा बसेको बैंठकले श्री जितेन्द्र धिताललाई कोषको तर्फबाट प्रतिनिधित्व गर्नुहुने श्री तुलसी प्रसाद गौतमको सट्टामा उहाँको बाँकी रहेको कार्यकालसम्मको लागि संस्थापक शेयरधनी कर्मचारी सञ्चयकोषको तर्फबाट प्रतिनिधित्व गर्ने गरी मिति आश्विन ०६, २०७८ गते देखि नियुक्त गरेको निर्णय सर्वसम्मतिले पारित भयो ।

६) अध्यक्षज्यूको अनुमतिमा लेखा परीक्षण समितिका संयोजक श्री जितेन्द्र धितालले कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७८/७९ का लागि

लेखापरिक्षण कार्यका लेखापरीक्षक जि.पि राजबाहक एण्ड कम्पनी चार्टड एकाउन्टेन्टस्लाई बैंकको लेखा परीक्षकमा पुनः नियुक्त गर्ने र बैंकको लेखा परीक्षण, कर लेखा परिक्षण, लङ्ग फर्म अडिट, कम्पनी ऐन अन्तर्गतका अन्य आवश्यक प्रतिवेदन प्रमाणित गर्ने कार्यका लागि तथा सो कार्यको सिलसिलामा भैपरि आउने यातायात लगायतका सम्पूर्ण खर्चहरू समेत गरि कुल रू. २० लाख मात्र (मु. अ. कर बाहेक) पारिश्रमिक तोक्ने प्रस्तावमा ताली बजाएर स्वीकृति प्रदान गर्न अनुरोध भएकोमा उक्त प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

ख) विशेष प्रस्ताव

१) बैंकको अधिकृत पूंजी रू.१५,००,००,००,०००।– (अक्षरेपी पन्ध्र अर्ब रूपैयाँ) बाट बृद्धि गरी रू. १६,००,००,००,०००।– (अक्षरेपी सोह्र अर्ब रूपैयाँ) गर्ने सम्बन्धी विशेष प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

२) संचालक समितिले सिफारिस गरे बमोजिम बैंकको जारी र हालको चुक्ता पूँजी रू. १०,६८,४४,००,८२८।– बाट बृद्धि गर्न चुक्ता पूँजीको २१.३८ प्रतिशतले हुने जम्मा रू. २,२८,४३,२४,८९७।– बोनस शेयर जारी गर्ने सम्बन्धी विशेष प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

३) बैंकले आर्थिक बर्ष २०७७/७८ मा संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐन २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सीमा भन्दा माथि गरेका सहयोग अन्तर्गत कोरोना भाइरस संक्रमण नियन्त्रण तथा उपचारका लागि विभिन्न संघ-संस्था, अस्पतालहरू समेतलाई प्रदान गरेको कुल रकम रू. १,७१,०४,११४ (अक्षरेपी एक करोड एकहत्तर लाख चार हजार एक सय चौध रूपैयाँ) सर्वसम्मतिबाट अनुमोदन भयो ।

अध्यक्षज्यूले विशेष प्रस्तावहरू अन्तर्गत निम्न लिखित प्रस्ताव नं ४ देखि ७ सम्म पढेर सुनाउनु भयो ।

४) हिमालयन बैंक लि. र नेपाल इन्भेष्टमेण्ट बैंक लि. एक आपसमा मर्जर गर्ने प्रयोजनको लागि टि. आर उपाध्याय एण्ड कम्पनी चार्टड एकान्टेण्ट्सबाट प्राप्त दुवै संस्थाको सम्पत्ती, दायित्व तथा कारोवारको मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) बमोजिम सिफारिस गरिएको शेयर आदान प्रदान अनुपातमा व्यावसायिक अवसरहरू, व्यावसायिक प्रतिष्ठा, कर्मचारीहरूको योग्यता, क्षमता, दक्षता तथा कार्यकुशलता, बजार उपस्थिती, मुनाफा वितरणको इतिहास, पछिल्लो शेयरबजार मुल्य समेतका विषयहरूको आधारमा Swap Ratio १:१ शेयर अनुपात हुने गरी नेपाल इन्भेष्टमेण्ट बैंक लि. सँग मर्ज गर्न स्वीकृती प्रदान गर्ने ।

५) यस बैंक र नेपाल इन्भेष्टमेण्ट बैंक लि. सँग मर्ज गर्ने सम्बन्धमा भएको सम्पत्ती, दायित्व तथा कारोबारको मूल्याङ्कनकर्ताको नियुक्ति, सम्पत्ती तथा दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) समझदारी पत्र (Memorandum of Understanding) तथा अन्तिम सम्झौता पत्र (Final Scheme of Arrangement) लगायतका सम्पूर्ण कामकारवाहीहरू सम्बन्धी स्वीकृती प्रदान गर्ने ।

६) दुबै बैंकको मर्जर पश्चात हिमालयन एण्ड नेपाल इन्भेष्टमेण्ट बैंक लि. नामाकरण गरी एकिकृत कारोबार गर्ने कार्यलाई स्वीकृती प्रदान गर्ने ।

७) दुबै बैंक मर्जर गर्ने प्रक्रियामा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायबाट स्वीकृती लिने । अभिलेख गर्ने क्रममा भए गरेका काम कारवाही वा पूँजी संरचना वा प्रवन्धपत्र र नियमावली संसोधनका सम्बन्धमा नियमनकारी निकायहरूबाट संसोधन, परिमार्जन तथा थपघट गर्न कुनै निर्देशन प्राप्त भएमा सोही बमोजिम संसोधन परिमार्जन समेतका सम्पूर्ण कार्यहरू गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

ती प्रस्तावहरू अन्तर सम्बन्धित भएकाले ती प्रस्तावहरू एकमुष्ठ निर्णयार्थ पेश गर्नु पुर्व उक्त प्रस्तावहरू उपर विभिन्न संस्थापक शेयरधनीहरूले (कर्मचारी सञ्चयकोष- १४.८७□, एन ट्रेडिङ्ग प्रा.लि.-१२.७७□ तथा छाँया इन्टरनेशनल प्रा.लि.–८.९४□ गरी बैंकका कुल शेयरधनीहरू मध्ये ३६.५८□ शेयरधनीहरूले) प्रस्तावको विपक्षमा लिखित राय दिई आधिकारीक पत्र पठाएको जानकारी दिनु भयो ।

केहि शेयरधनीहरूले उक्त प्रस्तावहरूमा मतदान हुनु पर्ने माग राख्नु भएकोमा बैंकका अध्यक्षज्यूले ती प्रस्तावहरू उपर निर्णयार्थ मतदान प्रक्रियामा जाने घोषणा गर्नुभयो र ती विशेष प्रस्तावहरू नम्बर ४, ५, ६ र ७ मा मतदान गर्न स्वयं उपस्थित शेयरधनीहरूलाई मतपत्र प्रदान गर्न अनुरोध गर्नु भयो र जुम अनलाईनमा उपस्थित बैंकका शेयरधनीहरूलाई अनलाईनबाटै मतदान गर्न आग्रह गर्नुभयो ।

त्यसै क्रममा बैंकका संचालक श्री आशिष शर्माले मतदान प्रक्रिया, मतपत्रको बैधानिकता तथा मतदान अधिकृतको नियुक्तीको विषय त्रुटिपूर्ण रहेको भन्दै र मतदान प्रक्रिया नियम संगत नभएको बताउदै मतदान प्रक्रियामा भाग नलिने घोषणा गर्नुभयो । बैंकका संचालक श्री आशिष शर्मा, श्री सुनिल बहादुर थापा तथा श्री विजय बहादुर श्रेष्ठले मतदान प्रक्रिया मिलाउन, सो विशेष प्रस्तावहरू नै अर्को सभाबाट निर्णय गर्ने गरी व्यवस्था गर्न माग गर्नुभयो । श्री आशिष शर्मा तथा श्री विजय बहादुर श्रेष्ठले मतदान प्रक्रियामा भाग लिनु भएन ।

सभाका अध्यक्ष तथा बैंकका अध्यक्षज्यूले सम्पूर्ण प्रक्रिया नियमसंगत नै रहेको तथा यो मतदान वार्षिक साधारणसभाको प्रस्तुत प्रस्तावमा निर्णयार्थ राय/मत

संकलन गर्न मात्र रहेको जानकारी गराउनु भयो ।

त्यसै क्रममा कम्पनी सचिव श्री विपिन हाडाले संचालक समितिले निर्वाचन अधिकृतको नियुक्ती बैंकका संचालकहरूको निर्वाचनको लागि गर्ने प्रथा/प्रक्रिया/प्रावधान रहेको जानकारी गराउनु भयो । त्यस्तै मत संकलन प्रक्रियाका सन्दर्भमा साधारण सभामा निर्णयार्थ पेश हुने प्रस्तावहरू माथि मतदान गराउन छुट्टै निर्वाचन अधिकृतको आवश्यकता नपर्ने र यी प्रस्तावहरू सामान्य मतदानको प्रक्रिया अन्तर्गत कम्पनी सचिवबाटै गराउन सकिने जानकारी गराउनु भएको थियो । त्यस्तै प्रचलित कम्पनी ऐनको दफा ७४ (३) मा उल्लेखित व्यवस्थाले राय/मत संकलन प्रक्रिया सम्बन्धी प्रावधानमा स्पष्ट रूपमा सो कार्यको निर्णय सभाका अध्यक्षज्यूले गर्ने व्यवस्था भएकोले निर्णयार्थ पेश हुने प्रस्तावहरू मतदान प्रक्रियामा जाँदा अध्यक्षज्यूको निर्णय/आदेश अनुरूप कम्पनी सचिवलाई यो जिम्मेवारी र दायित्व प्रदान गर्नु भएको र सो अनुरूप आवश्यक तयारी गरेको जानकारी गराउनु भयो ।

त्यसै क्रममा श्री रमेश शर्मा - संस्थापक शेयरधनी (शर्मा एण्ड कम्पनीका तर्फबाट)ले मर्जरको विषयमा बैंक संचालक समितिमा व्यापक परामर्श हुनु पर्दथ्यो भन्ने राय व्यक्त गर्नुभयो । भोटिङ्ग हुन्छ भन्ने सूचना आफुहरूलाई नभएको जानकारी गराउनु भयो । प्रस्ताव बनाउँदा र त्यसबारे निर्णयमा पुग्ने आधार तयार गर्ने सन्दर्भमा संचालक समितिकै कमजोरी देखिएको बताउनु भयो ।

वक्ताहरूद्वारा आफ्नो भनाई राखिसकेपछि अध्यक्षज्यूले स्वयं उपस्थित शेयरधनीहरूलाई मतपत्र प्रदान गर्न आग्रह गर्नु भयो र जुम अनलाइनबाट उपस्थित बैंकका शेयरधनीहरूलाई अनलाइनबाटनै भोटिङ्गको व्यवस्था भएकोले आफ्नो स्क्रिनमा आएको विकल्पमा प्रस्तावको पक्ष वा विपक्ष छनौट गर्दै मतदान गर्न आग्रह गर्नुभयो । त्यस्तै उक्त विशेष प्रस्तावहरू (प्रस्ताव नं ४ देखि ७) एकै प्रकृतिका भएकोले एकै पटक मतदान गर्न आग्रह गर्नु भयो र मतदानका लागि १० मिनेट समय प्रदान गर्नु भयो ।

निर्धारित समय पश्चात सभामा भौतिक रूपमा उपस्थित शेयरधनीबाट संकलित मतपत्र तथा जुम अनलाइन मार्फत मतदान गर्नुभएको शेयरधनीहरूको कुल मतभार (प्रोक्सी प्रदान गरेकोमा सो सहित) गणना गरी कुल उपस्थित तथा शेयरधनी नम्बर वा डिम्याट नम्बरबाट बैंकको शेयरधनी भएको प्रमाणको आधारमा प्रस्ताव ४ देखि ७ को पक्ष तथा विपक्ष तथा मत नहाल्ने शेयरधनीहरूको विवरण निम्न बमोजिम रहेको घोषणा गर्नुभयो ।

## मतदानको नतिजा

कुल उपस्थित शेयर संख्या ९,२५,२३,४१० को आधारमा (बैंकको कुल शेयर संख्याको ८६.५९७ % उपस्थित)

प्रस्ताव नं ४, ५, ६ र ७ को पक्षमाः ४,०३,६५,९०४ शेयर (४३.६३%)

प्रस्ताव नं ४, ५, ६ र ७ को विपक्षमाः ३,९१,२३,९९० शेयर (४२.२९%)

सभामा उपस्थित भई मतदान नगर्नेमाः १,३०,३३,५१६ शेयर (१४.०९%)

मतदानको नतिजा प्राप्त भए पश्चात अध्यक्षज्यूले कम्पनी ऐन २०६३ को दफा ७४ (३) बमोजिम आवश्यक उपस्थित शेयरधनीहरूको ७५ प्रतिशत अर्थात ६,९३,९२,५५७.५० शेयरको प्रतिनिधित्व हुने गरी प्रस्तावको पक्षमा मत प्राप्त नभएको हुँदा NIBL संग मर्ज गर्ने सम्बन्धि विशेष प्रस्ताव नं ४, ५, ६ र ७ अस्विकृत भएको जानकारी सभामा गराउनु भयो ।

तत् पश्चात अध्यक्षज्यूले बाँकी रहेको विशेष प्रस्ताव नम्बर ८ पढी पारित गर्न आग्रह गर्नुभयो ।

८) बैंकको प्रवन्ध पत्र र नियमावलीमा संशोधन गर्ने विशेष प्रस्ताव (अनुसूचिमा उल्लेख भए बमोजिम) पारित गर्ने तथा प्रस्तावित संशोधनमा नेपाल राष्ट्र बैंक वा अन्य निकायले फेरबदल गरेमा आवश्यक समायोजन गर्न संचालक समितिलाई वा संचालक समितिले तोकेको पदाधिकारीलाई अधिकार दिने प्रस्ताव सर्वसम्मतिले पारित भयो ।


ग) विविध विषयसूची अन्तर्गत कुनै विषयमा छलफल भएन ।

### ११. धन्यवाद ज्ञापनः

अध्यक्षज्यूले सभामा सहभागी सम्पूर्ण शेयरधनी महानुभावहरूलाई आफ्नो अमूल्य समय दिई सभा सफलतापूर्वक सम्पन्न गरिदिनु भएकोमा हार्दिक धन्यवाद दिनुहुँदै बैंकको प्रगति र उन्नतिका लागि रचनात्मक सुझाव र मन्तव्य दिनुहुने वक्ता शेयरधनी महानुभावहरूप्रति आभार व्यक्त गर्नुभयो ।

### १२. सभा विसर्जन :

अन्त्यमा छलफल गर्न बाँकी विषय नभएको हुँदा अध्यक्षज्यूले उनन्तीसौं वार्षिक साधारणसभा विसर्जन भएको घोषणा गर्नुभयो ।



............................................

(विपिन हाडा)
कम्पनी सचिव

............................................

(प्रचण्ड बहादुर श्रेष्ठ)
अध्यक्ष

# (अनुसूची)
# हिमालयन बैंक लिमिटेडको
# उनन्तीसौं वार्षिक साधारण सभामा विशेष प्रस्तावद्वारा
# प्रबन्धपत्र तथा नियमावलीमा गरिने प्रस्तावित संशोधन मस्यौदा

**प्रबन्धपत्र संशोधनको विशेष प्रस्तावः**

| विद्यमान व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| **दफा ५. बैंकको पूँजीको संरचनाः**<br>(क) बैंकको अधिकृत पूँजी रु. १५,००,००,००,०००।- (अक्षरेपी पन्ध्र अर्ब रुपैयाँ मात्र) हुनेछ। उक्त पूँजीलाई रु १००।- का दरले १५,००,००,००० (पन्ध्र करोड थान) साधारण शेयरमा विभाजन गरिएको छ। | **दफा ५. बैंकको पूँजीको संरचनाः**<br>(क) बैंकको अधिकृत पूँजी रु. १६,००,००,००,०००।- (अक्षरेपी सोह्र अर्ब रुपैयाँ मात्र) हुनेछ। उक्त पूँजीलाई रु १००।- का दरले १६,००,००,००० (सोह्र करोड थान) साधारण शेयरमा विभाजन गरिएको छ। | बैंकको विद्यमान पूँजी संरचना बृद्धि गर्नको लागि। |
| (ख) तत्काल जारी पूँजी रु. १०,६८,४४,००,८२८।- (अक्षरेपी दश अर्ब अठसट्ठी करोड चवालिस लाख आठ सय अट्ठाइस रुपैयाँ मात्र) हुनेछ। | (ख) तत्काल जारी पूँजी रु. १२,९६,८७,२५,७२५।- (अक्षरेपी बाह्र अर्ब छयान्नब्बे करोड सतासी लाख पच्चीस हजार सात सय पच्चीस रुपैयाँ मात्र) हुनेछ। | आ.व २०७७/७८ को नाफा बाट बोनस शेयर जारी गर्दा बैंकको विद्यमान पूँजी संरचनामा हेरफेर हुने हुँदा। |
| (ग) तत्काल चुक्ता पूँजी रु. १०,६८,४४,००,८२८।- (अक्षरेपी दश अर्ब अठसट्ठी करोड चवालिस लाख आठ सय अट्ठाइस रुपैयाँ मात्र) हुनेछ। | (ग) तत्काल चुक्ता पूँजी रु. १२,९६,८७,२५,७२५।- (अक्षरेपी बाह्र अर्ब छयान्नब्बे करोड सतासी लाख पच्चीस हजार सात सय पच्चीस रुपैयाँ मात्र) हुनेछ। | |

**नियमावली संशोधनको विशेष प्रस्तावः**

| विद्यमान व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| **नियम ३.(ख): बैंकको अधिकृत पूँजीको अंक र विभिन्न प्रकारको शेयर संख्याः**<br>(क) बैंकको अधिकृत पूँजी रु. १५,००,००,००,०००/- (अक्षरेपी पन्ध्र अर्ब रुपैयाँ) हुनेछ। उक्त पूँजीलाई रु. १००/- का दरले १५,००,००,०००/- (पन्ध्र करोड थान) साधारण शेयरमा विभाजन गरिएको छ। | **नियम ३.(ख): बैंकको अधिकृत पूँजीको अंक र विभिन्न प्रकारको शेयर संख्याः**<br>(क) बैंकको अधिकृत पूँजी रु. १६,००,००,००,०००/- (अक्षरेपी सोह्र अर्ब रुपैयाँ) हुनेछ। उक्त पूँजीलाई रु. १००/- का दरले १६,००,००,०००/- (सोह्र करोड थान) साधारण शेयरमा विभाजन गरिएको छ। | बैंकको विद्यमान पूँजी संरचना बृद्धि गर्नको लागि। |
| (ख) तत्काल जारी पूँजी रु. १०,६८,४४,००,८२८/- (अक्षरेपी दश अर्ब अठसट्ठी करोड चवालिस लाख आठ सय अट्ठाइस रुपैयाँ) हुनेछ। | (ख) तत्काल जारी पूँजी रु. १२,९६,८७,२५,७२५।- (अक्षरेपी बाह्र अर्ब छयान्नब्बे करोड सतासी लाख पच्चीस हजार सात सय पच्चीस रुपैयाँ मात्र) हुनेछ। | आ.व २०७७/७८ को नाफा बाट बोनस शेयर जारी गर्दा बैंकको विद्यमान पूंजी संरचनामा हेरफेर हुने हुँदा। |
| (ग) तत्काल चुक्ता पूँजी रु. १०,६८,४४,००,८२८।- (अक्षरेपी दश अर्ब अठसट्ठी करोड चवालिस लाख आठ सय अट्ठाइस रुपैयाँ मात्र) हुनेछ। | (ग) तत्काल चुक्ता पूँजी १२,९६,८७,२५,७२५।- (अक्षरेपी बाह्र अर्ब छयान्नब्बे करोड सतासी लाख पच्चीस हजार सात सय पच्चीस रुपैयाँ मात्र) हुनेछ। | |

बैंकको २९ औं साधारण सभाबाट पारित प्रबन्धपत्र र नियमावलीमा भएको संशोधन नेपाल राष्ट्र बैंक समक्ष स्वीकृतको लागि पेश हुँदा नेपाल राष्ट्र बैंकको मिति २०७९/३/१४ को पत्र संः बैं.वि.नि.वि./बिआर–२/हिमालयन/०७८/७९ को पत्र अनुसार उपरोक्त संशोधनहरू नेपाल राष्ट्र बैंकबाट संशोधन सहित अनुमोदन भएको छ ।

संशोधनको विवरण तल उल्लेख गरिएको छ ।

**प्रबन्धपत्र तर्फः**

| प्रबन्धपत्रको दफा | प्रस्तावित व्यवस्था | यस बैंकको निर्णय (नेपाल राष्ट्र बैंक) |
|---|---|---|
| | **बैंकको पूँजीको संरचनाः** | **बैंकको पूँजीको संरचनाः** |
| ५. (क) | बैंकको अधिकृत पूँजी<br>रु. १६,००,००,००,०००।-(अक्षरेपी सोह्र अर्ब रुपैयाँ मात्र) हुनेछ । उक्त पूँजीलाई रु १००।- का दरले १६,००,००,००० (सोह्र करोड थान) साधारण शेयरमा विभाजन गरिएको छ । | बैंकको अधिकृत पूँजी<br>रु. १६,००,००,००,०००।- (अक्षरेपी सोह्र अर्ब रुपैयाँ मात्र) हुनेछ । उक्त पूँजीलाई रु १००।- का दरले १६,००,००,००० (सोह्र करोड थान) साधारण शेयरमा विभाजन गरिएको छ । |
| ५. (ख) | तत्काल जारी पूँजी<br>रु. १२,९६,८७,२५,७२५।- (अक्षरेपी बाह्र अर्ब छयान्नब्बे करोड सतासी लाख पच्चीस हजार सात सय पच्चीस रुपैयाँ मात्र) हुनेछ । | बैंकको जारी पूँजी<br>रु. १२,९६,८७,२५,७२५।- (अक्षरेपी बाह्र अर्ब छयान्नब्बे करोड सतासी लाख पच्चीस हजार सात सय पच्चीस रुपैयाँ मात्र) हुनेछ । उक्त पूँजीलाई रु. १००/– का दरले १२,९६,८७,२५७२५ (बाह्र करोड छयान्नब्बे लाख सतासी हजार दुई सय सन्ताउन्न दशमलव दुई पाँच थान) साधारण शेयरमा विभाजन गरिएको छ । |
| ५. (ग) | तत्काल चुक्ता पूँजी<br>रु. १२,९६,८७,२५,७२५।- (अक्षरेपी बाह्र अर्ब छयान्नब्बे करोड सतासी लाख पच्चीस हजार सात सय पच्चीस रुपैयाँ मात्र) हुनेछ । | बैंकको चुक्ता पूँजी<br>रु. १२,९६,८७,२५,७२५।- (अक्षरेपी बाह्र अर्ब छयान्नब्बे करोड सतासी लाख पच्चीस हजार सात सय पच्चीस रुपैयाँ मात्र) हुनेछ । |

**नियमावली तर्फः**

| नियमावलीको दफा | प्रस्तावित व्यवस्था | यस बैंकको निर्णय (नेपाल राष्ट्र बैंक) |
|---|---|---|
| | **बैंकको अधिकृत पूँजीको अंक र विभिन्न प्रकारको शेयर संख्या :** | **बैंकको अधिकृत पूँजीको अंक र विभिन्न प्रकारको शेयर संख्या :** |
| नियम ३.(ख) (क) | बैंकको अधिकृत पूँजी रु. १६,००,००,००,०००।- (अक्षरेपी सोह्र अर्ब रुपैयाँ मात्र) हुनेछ। उक्त पूँजीलाई रु १००।- का दरले १६,००,००,००० (सोह्र करोड थान) साधारण शेयरमा विभाजन गरिएको छ। | बैंकको अधिकृत पूँजी रु. १६,००,००,००,०००।- (अक्षरेपी सोह्र अर्ब रुपैयाँ मात्र) हुनेछ। उक्त पूँजीलाई रु १००।- का दरले १६,००,००,००० (सोह्र करोड थान) साधारण शेयरमा विभाजन गरिएको छ। |
| नियम ३.(ख) (ख) | तत्काल जारी पूँजी रु. १२,९६,८७,२५,७२५।- (अक्षरेपी बाह्र अर्ब छयान्नब्बे करोड सतासी लाख पच्चीस हजार सात सय पच्चीस रुपैयाँ मात्र) हुनेछ। | बैंकको जारी पूँजी रु. १२,९६,८७,२५,७२५।- (अक्षरेपी बाह्र अर्ब छयान्नब्बे करोड सतासी लाख पच्चीस हजार सात सय पच्चीस रुपैयाँ मात्र) हुनेछ। उक्त पूँजीलाई रु. १००/- का दरले १२,९६,८७,२५७२५।- (बाह्र करोड छयान्नब्बे लाख सतासी हजार दुई सय सन्ताउन्न दशमलव दुई पाँच थान) साधारण शेयरमा विभाजन गरिएको छ। |
| नियम ३.(ख) (ग) | तत्काल चुक्ता पूँजी १२,९६,८७,२५,७२५।- (अक्षरेपी बाह्र अर्ब छयान्नब्बे करोड सतासी लाख पच्चीस हजार सात सय पच्चीस रुपैयाँ मात्र) हुनेछ। | बैंकको चुक्ता पूँजी १२,९६,८७,२५,७२५।- (अक्षरेपी बाह्र अर्ब छयान्नब्बे करोड सतासी लाख पच्चीस हजार सात सय पच्चीस रुपैयाँ मात्र) हुनेछ। |

**HIMALAYAN BANK LIMITED, Corporate Office**
Kamaladi, P.O. Box: 20590, Kathmandu, Nepal, Tel: 977-1-4227749
Fax: 977-1-4222800, E-mail: himal@himalayanbank.com
Website: www.himalayanbank.com, SWIFT: HIMANPKA

## Province 1

**Biratnagar Branch**
Shanihat Mainroad, Biratnagar
Tel: 021-514653

**Birtamod Branch**
Sanischarya Road, Birtamod
Tel: 023-545611

**Damak Branch**
Highway, Damak, Jhapa
Tel: 023-585291

**Dharan Branch**
Putali Line, Sunsari
Tel: 025-578966

**Hile Branch**
Bhojpur Road, Hile, Dhankuta
Tel: 026-540628, 540629

**Itahari Branch**
Dharan Road, Itahari, Sunsari
Tel: 025-587041, 587042

**Madi Branch**
Okharbote-4, Sankhuwasabha
Tel: 01-6201751

## Province 2

**Baragadi Branch**
Khowpawa-3, Bara
Tel: 01-6201363

**Bardibas Branch**
Mohotari, Nepal
Tel: 044-550161, 550162

**Birgunj Branch**
Mahabir Road, Birgunj, Parsa
Tel: 051-524678, 527504

**Janakpur Branch**
Janakpurdham
Tel: 041-590240

**Lahan Branch**
Lahan, Siraha, Ward 1
Tel: 033-564684, 564685

**Nijgadh Branch**
Nijgadh, Bara, Ward 9
Tel: 053-540262, 540392

**Parsauni Branch**
Parsauni-5, Bara
Tel.: 053-620000

**Subarna Branch**
Kabahigoth-6, Bara
Tel: 01-6201366

## Bagmati

**Banepa Branch**
Tindobato, Banepa, Kavre.
Tel: 011-664734

**Bahrabise Branch**
Barhabise Bazar, Sindhupalchowk
Tel: 011-489290

**Battisputali Branch**
Battisputali, Kathmandu
Tel: 01-4484990

**Betrawati Branch**
Laharepauwa, Betrawati, Rasuwa
Tel: 010-412001

**Bhaisepati**
Lalitpur, Ekantakuna Tikabhairab Road
01-5906306

**Bhaktapur Branch**
Sukuldhoka, Bhaktapur
Tel: 01-6617493, 6616092

**Bharatpur Branch**
Pulchowk, Chitwan
Tel: 056-595616

**Chabahil Branch**
Chuchepati, Chabahil, Kathmandu
Tel: 01-5210045

**Charikot Branch**
Satdobato Chowk, Aditi Complex
Tel: 049-421869

**Dhading Branch**
Dhadingbesi, Dhading
Tel: 010-521111

**Dillibazar Branch**
Siddhibhawan, Charkhaladda, KTM.
Tel: 01-4531658

**Gaurishanker Branch**
Suri-5, Dolakha
Tel: 01-6201748

**Hetauda Branch**
Main Road, Hetauda, Makawanpur
Tel: 057-525877

**Jhamsikhel Branch**
Kabir Santa Satsangh Mandir,
Jhamsikhel Chowk
Tel: 01-5453135

**Kalanki Branch**
Kalanki Chowk, Kathmandu
Tel: 01-5235038

**Kaushaltar Branch**
Gatthaghar, Bhaktapur
Tel: 01-6639564

**Khurkot Branch**
Golanjor-7, Sindhuli
Tel: 047-590098

**Maharajgunj Branch**
Maharajgunj, Kathmandu
Tel: 01-4525183

**Myagang Branch**
Deurali-3, Nuwakot
Tel: 01-6201463

**New Baneshwor Branch**
New Baneshwor Chowk, Kathmandu
Tel: 01-4795583

**New Road Branch**
Bishal Bazar Complex, Kathmandu
Tel: 01-5324787

**Parsa Branch**
Naya Road, Parsa, Chitwan
Tel.: 056-583628

**Patan Branch**
Pulchowk, Lalitpur
Tel: 01-5010584

**Samakhushi Branch**
Gangabu, Samakhushi, Kathmandu
Tel: 01-4354663

**Satdobato Branch**
Satdobato Chowk, Lalitpur
Tel: 01-5151945,

**Shorakhutte Branch**
Shorakhutte Chowk, Kathmandu
Tel: 01-4389035

**Sukedhara Branch**
Kathmandu 4, Sukedhara
Tel: 01-4015081

**Swoyambhu Branch**
APF Welfare Plaza, Swoyambhu, Ktm.
Tel: 01-5247291

**Tandi Branch**
Sauraha Chowk, Tandi, Chitwan
Tel: 056-560750

**Tarkeshwor Branch**
Dansingh-1, Nuwakot
Tel: 01-6201365

**Teku Branch**
Kathmandu Business Park, Kathmandu
Tel: 01-4104572

**Thamel Branch**
Karmachari Sanchaya Kosh Building
Thamel, Kathmandu
Tel: 01-5970024

**Trishuli Branch**
Battar, Trishuli, Nuwakot
Tel: 010-561696

## Gandaki

**Baglung Branch**
Jeep Park, Baglung
Tel: 068-522690

**Gorkha Branch**
Bus Park, Gorkha
Tel: 064-421520

**Kawasoti Branch**
Shabhapati Chowk-5, Nawalparasi
Tel: 078-541040

**Pokhara Branch**
New Road, Pokhara, Kaski
Tel: 061-538907

**Ram Bazar Branch**
Amarsingh Chowk, Pokhara, Kaski
Tel: 061-433301

## Lumbini

**Bhairahawa Branch**
PrahariTole, Siddharthanagar, Rupandehi
Tel: 071-576945

**Butwal Branch**
Traffic Chowk, Butwal, Rupandehi
Tel: 071-554016

**Ghorahi Branch**
New Road, Ghorahi, Dang
Tel: 082-562901

**Kohalpur Branch**
Kohalpur Municipality, ward 11
Kohalpur, Banke
Tel: 081-542146

**Lamahi Branch**
Lamahi Bus Park, Dang
Tel: 082-540842

**Manigram Branch**
Manigram Chowk
Tel: 071-562422

**Nepalgunj Branch**
Dhamboji, Nepalgunj, Banke
Tel: 081-411290

**Palpa Branch**
Silkhan Tole, Tansen, Palpa
Tel: 075-522641

**Raptisonari Branch**
Samshergunj-8, Banke
Tel: 081-400089

**Tulsipur**
Dang, Kha Line
082-523545

## Karnali

**Kumakha Branch**
Marmaparikada, Ragechaur-8, Salyan
Tel: 01-6201752

**Salyan Branch**
Srinagar, Salyan, Tel: 088-400012

**Surkhet Branch**
Ward 3, Chinal Pul, Jumla Road
Birendranagar, Surkhet
Tel: 083-523902

## Sudar Paschim

**Attariya Branch**
Mahendranagar Road
Tel: 091-590453

**Chhededaha Branch**
Dogadi Bazaar-5, Bajura
Tel: 01-6201754

**Dhangadi Branch**
Ratopool, Dhangadi, Kailali
Tel: 091-520202

**Jagannath Branch**
Juddi, Bajura
Tel: 01-6201749

**Lamki Branch**
Tikapur road, Kailali
Tel: 091-540513

**Mahendranagar Branch**
Chaman Chowk,
Mahendranagar
Tel: 099-590055

**Swamikartik Branch**
Suijiula, Bajura
Tel: 01-6201758

**Tikapur Branch**
Jamara Pari, Tikapur
Tel: 091-560973

## Extension Counter

**Maharajgunj Branch**
TU Teaching Hospital
Tel: 01-4525183

**Gangalal Ext. Counter**
Shahid Gangalal National Heart Center
Bansbari, Tel: 01-4525183

**Gaurighat Ext. Counter**
Pokhara-6, Gaurighat
Tel: 061-538907

**Trishuli District Hospital Ext Counter**
Trishuli District Hospital
Tel: 010-561696

**Lumbini Medical College Ext Counter**
Lumbini Medical College
Palpa, Tel: 075-522641

**Card Centre**
Kamaladi, Kathmandu, Tel: 01-4227749
Toll Free No.: 16-600-112-000

**Global FI & Remittance Centre**
Kamaladi, Kathmandu, Tel: 01-4227749, 4250354
Toll Free No.: 16-600-111-000

**Outside Country**
**Himalayan Bank Limited- Kuala Lumpur**
Representative Office
2nd Floor, Wisma Maran, 28 Medan Pasar
50050 Kuala Lumpur, Malaysia
Tel: +603 2022 3664

टिप्पणी

**Himalayan Bank Limited**
Corporate Office, Kamaladi, Kathmandu
Ph. No.: 4246218/19, P.O. Box.: 20590

SWIFT: HIMANPKA

www.himalayanbank.com